**मिति २०८३ साल आषाढ ७ गते बसेको नगरकार्यपालिकाको ६६ औं वैठकको प्रस्ताव तथा निर्णयहरु:-**

**प्रस्तावहरु:-**

१) वडाहरुबाट छनौट भएका योजनाका सम्वन्धमा

२) आर्थिक विधेयक-२०८३ का सम्वन्धमा

३) विनियोजन विधेयक-२०८३ का सम्बन्धमा

४) विविध

(क) हालसाविक गर्ने सम्वन्धमा ।

(ख) ६७ औं कार्यपालिका वैठक सम्वन्धमा ।

**निर्णय नं:१**

योजना छनौट सम्वन्धी मार्गदर्शनको अधिनमा रही आगामी आ.व.०८३।०८४ का लागी अति आवश्यकीय क्षेत्रमा खर्च हुने गरी प्राथमिकताका आधारमा संकलन भएका योजना तथा कार्यक्रम छनौट गरी वडा समितिबाट निर्णय गराई वडा स्तरीय योजना तथा कार्यक्रमको सूची तयार गरी मिति २०८३।०३।०८ गते भित्र नगरपालिकामा पेश गर्न लगाउने र वडा नं.२ र ७ को लागि ७०/७० लाख रुपैयाँ र अन्य वडाहरुलाई ६० लाख रुपैयाका दरले वजेट सिलिङ्ग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं:२**

विधायन समितिको निर्णय एवं सिफारिस अनुसार दफावार रुपमा छलफलका लागि पेश हुन आएको आर्थिक विधेयक २०८३ माथि दफावार रुपमा छलफल भयो । छलफलका विषयहरु समेटेर आगामी कार्यपालिका वैठकमा पुन: थप छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

विधायन समितिको निर्णय एवं सिफारिस अनुसार दफावार रुपमा छलफलका लागि पेश हुन आएको विनियोजन विधेयक २०८३ माथि दफावार रुपमा छलफल गर्ने कार्य सम्पन्न नभएको हुँदा आगामी कार्यपालिका वैठकमा थप छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ (विविध-क)**

नगर क्षेत्र भित्र तत्काल हालसाविक गर्ने प्रकृया अगाडी वढाउन र सम्पन्न गर्न पर्याप्त पुर्व तयारी र विविध समस्या रहेकोले नगरपालिका भित्रका सवै सडकहरुको लगत कट्टा गर्न जिल्ला नापी कार्यालय धादिङ र अन्य निकायहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ (विविध-ख)**

नगरकार्यपालिकाको ६७ औं वैठक मिति २०८३ आषाढ ९ गते विहान ८ वजे नगरपालिकाको वैठक हलमा वस्ने निर्णय गरियो ।